इच्छाकामना गाउँपालिका कार्यालय कुरिनटार, चितवन ।

**१.पृष्ठभुमिः**

वाग्मती प्रदेश चितवन जिल्लाको एक मात्र गाउँपालिका इच्छाकामना गाउँपालिक साविक काउले, दारेचोक, चण्डिभञ्ज्याङ्ग र दाहाखानी गाविस मिलाई गाउँपालिका निर्माण भएको हो । भोगोलिक विविधता र जलवायु परिवर्तन समेतको हिसावले यस गाउँपालिका बिभिन्न प्राकृतिक प्रकोप तथा विपदका घट्नाहरु हरक बर्ष घट्ने गरेको र विशेष गरी मनसुनका समय कमजोर भोगौलिक वनानटका कारण पहिरो तथा खहरे खोलाबाट बग्ने जलाधार बढन गई पहिरो, भूःक्षय तथा खेती योग्य जमिन र मानव बस्ती कट्टान हुने यसबाट र ठूलो मात्रमा खेती योग्य जमिन विनाशका साथै मानव र पशु चौपायमा क्षति भएको र आर्थिक स्थित समेत प्रतक्ष्य अप्रत्यक्ष रुपमा अयर पर्दै आइरहेको छ । उल्लेखित विपद घट्नाहरुबाट हुनसक्ने सम्भावित जोखिम तथा क्षति न्युनिकरण गर्न विपद व्यवस्थापनको लागी समन्वयन, पुर्वतयारी,क्षमता अभिबृद्धि र विपद व्यवस्थापन कार्यहरु उपलब्ध श्रोत र साधनकव उचित ढंगबाट परिचालन गर्न यस इच्छाकामना गाउँपालिका स्थापना काल देखि महत्व पुर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । विपदको प्रकृतिलाई मध्यनजर गर्दै विश्वभरि फैलिएको कोरोना भाइरस (Covid-19) संक्रमणको जोखिम नेपालमा पनि लामोल समय सम्म रहिरहेको अवस्थामा बिशेषतः मनसुनको समयमा घट्न सक्ने बाढी, पहिरो तथा जल उत्पन्न प्रकोपबाट हुन नसक्ने सम्भावित विपदजन्य घट्नाको उद्धार कोरोना भाइरसबाट सुरक्षित रहन अपनाउनु पर्ने सावधानी सहित विगतका वर्षमा भन्दा फरक कार्य योजना तयार गरिएको छ ।

**२.उद्देश्यः**

१. जल उत्पन्न प्रकोपबाट हुन सक्ने सम्भावित विपजन्य घट्नाहरुको जोखि न्युनिकरण गर्न जनस्तरमा सचेतना मुलुक कार्यक्रम बनाउने ।

२. पुर्व तयारीका साथ विपद व्यवस्थापन शाखा, वडा स्तरीय विपद व्यवस्थापनORT/RT टोली, नेपाल रेडक्रस उपशाखा मुग्लिङ्ग, सुरक्षा निकाय अन्तर्गत ईलाका प्रहरी कार्यालय मुग्लिङ्ग, विपद व्यवस्थापन शिक्षालय कुरिनटार संग भएका दक्ष जनशक्ति, उपलब्ध उपकरण तथा औजार प्रयोग प्रभावकारी ढंगबाट प्ररिचालन गर्ने ।

३. बाढी, पहिरो तथा जलउत्पन्न प्रकोपबाट हुने सम्भावित घट्नालाई मध्यनजर गरि संचार माध्यमबाट चेतना मुलुक सूचना गराउने ।

४. कोरोना भाईरस (Covid-19) संक्रमण जोखिम युक्त स्थानको पहिचभान गरी त्यस्ता स्थानहरुमा मनसुनजन्य विपद रोकथाम तथा प्रतिकार्य सुरक्षित र प्रभावकारी ढंगबाट संचालन गर्ने ।

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

मनसुन पुर्वतयारी कार्ययोजनाः २०७७

तपशिलः

| सि.नं. | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनसुनबाट उत्पन्न हुन सक्ने बाढी, पहिरो जस्ता विपदलाई मध्यनजर गरि सम्भावित जोखिम युक्त पहिचान गर्ने सोही अनुसार आवश्यक जनशक्ति तयार गर्ने | गाउँपालिका/ईलाका प्रहरी कार्यालय मुग्लिङ्ग/विपद व्यवस्थापन शिक्षालय कुरिनटार/ वडा स्तरीय विपद व्यवस्थापन समिति | संघिय सरकार/ प्रदेश सरकार/ जि.स.स./ जोखिम न्युनिकरण विपद व्यवस्थापन शाखा | मनसुन सुरु हुन पूर्व | |
| २ | प्रकोप घट्नाहरुको सूचना संक्लन तथा उद्धार प्रतिकार्यलाई छिटो छरितो बनाउन सात वटै वडा कार्यालयका जनप्रतिनिधी/ समाजसेवी/बुद्धिजिवी ORT/RT टोली संग समन्वयन परामर्श गर्ने | गाउँपालिका/ईलाका प्रहरी कार्यालय मुग्लिङ्ग/विपद व्यवस्थापन शिक्षालय कुरिनटार/ वडा स्तरीय विपद व्यवस्थापन समिति | गाउँपालिका/ संम्बन्धित संघसस्था | मनसुन सुरु हुन पूर्व | |
| ३ | उद्धार सामाग्री संक्लन तथा हस्तारण | गाउँपालिका कार्यालय/ संघसस्था/ सुरक्षा निकाय/ संघीय तथा प्रदेश सरकार | गाउँपालिका/ संम्बन्धित संघसस्था | मनसुन सुरु हुन पूर्व | |
| ४ | आपत्कालिन आश्रयस्थल तथा चेतना समन्वयन केन्द्र स्थापना | गाउँपालिका कार्यालय/ वडा कार्यालय/ सुरक्षा निकाय | गाउँपालिका/ वडा कार्यालय/ संम्बन्धित संघसस्था | मनसुन सुरु हुन पूर्व | |
| ५ | पहिरो तथा बाढी नियन्त्रण कार्यक्रम गर्ने बृक्षारोपण वडा नं. ३ र ६ पहिरो क्षेत्र पहिचान गरि ग्याविङ्ग जाली लगाउने वडा नं. ७ स्याङदी खोला, गर्दाश खोला वडा नं.३ मुवा खोला फिस्लिङ्ग, चुम्लिङ्ग, वडा नं. सोतावगर खैरहनीटार, लेवाटार, वडा नं. ०५ मुग्लिङ्ग तल्लो वजार क्षेत्र वडा नं. ३ पाचकिल्लो, कालीखोला, वडा नं. २ वर्ल्याङ्ग | गाउँपालिका कार्यालय/ वडा कार्यालय/ प्रदेश सरकार/ हरियो वन/ सामुदायिक वन/ जिल्ला वन कार्यालय | गाउँपालिका/ वडा कार्यालय/ संघीय सरकार तथा प्रदेश सरकार | मनसुन सुरु हुन पूर्व बृक्षारोपण २०७७ असार देखि भदौ सम्म | |

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालय/ दातृ निकाय/ संघसंस्था | कार्यालय/ दातृ निकाय/ संघसंस्था | पछि | |
| ७ | सात वटा वडा कार्यालयमा विपद Focal Person तोक्ने ORT/RT टोली तयारी अवस्थामा राख्ने | गाउँपालिका कार्यालय/ वडा कार्यालय/ | गाउँपालिका कार्यालय/ वडा कार्यालय | मनसुन सुरु हुन पूर्व | |
| ८ | विपदको बेलामा सुरक्षित स्थानमा स्थान्तरण गर्न सकिने स्थानहरु निरिक्षण गरि अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने | गाउँपालिका कार्यालय/ वडा कार्यालय/ सुरक्षा निकाय | गाउँपालिका कार्यालय/ वडा कार्यालय | मनसुन सुरु हुन पूर्व | |
| ९ | विपदको वेला हुने लैङगिक हिसा विरुद्ध रोकथाम तथा व्यवस्थापनको लागी Gender Based Violence Standard Operating Procedure In Emergency तयार गर्ने | गाउँपालिका कार्यालय/ वडा कार्यालय/ सुरक्षा निकाय | महिला विकास शाखा/ सुरक्षा निकाय/ संघसस्था | विपद हुनु भन्दा अघि | |
| १० | कोरोना कोभिड १९ संक्रमणको जोखिम समेत विद्यामान रहेको वर्तमान अवस्थामा मनसुनजन्य प्रकोपमा खटिन्दा निम्न उपाय आबलम्बन गरिने<br>• प्रत्येक वडा कोभिड संक्रमण क्षेत्र वर्गीकरण गर्ने<br>• मनसुन जन्य प्रकोप प्रभावित क्षेत्र वर्गीकरण<br>• वसोवास गर्ने व्यक्तिहरुको समय समयमा कोभिड १९ संक्रमण परिक्षण गरि विवरण अद्यावधि गर्ने<br>• कोभिड १९ संक्रमण क्षेत्रमा बाढी पहिरो मनसुनजन्य प्राकृतिको विपदमा खटिदा स्थानिय स्तरमा समन्वयन गर्ने<br>• उद्धारमा खटिने उद्धारकर्मी तथा उद्धार गरिएको व्यक्तिहरुमा कोभिड १९ परिक्षण गर्ने | | | | |

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत